**विषयः विवरण उपलब्ध गराउने सम्बन्धी सूचना।**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१२।२०, च.नं. ३०१० को प्राप्त पत्रानुसार समायोजन ऐन, २०७४ को दफा ५ तथा समायोजन नियमावली, २०७४ को नियम ८ (१) मा व्यवस्था भए अनुसार सेवा संचालन गर्ने निकायले स्थानीय तहका निकायमा स्वीकृत अन्तरिम संगठन संरचना र दरवन्दीमा आफू अन्तर्गतका कर्मचारीहरुलाई ऐ, ऐनको दफा ११ बमोजिम कामकाज गर्न खटाउन सक्ने व्यवस्था भएकोले त्यस मन्त्रालयबाट संचालन हुन सेवा समूहका कर्मचारीहरुलाई समायोजन ऐन २०७४ को दफा ५ मा उल्लेखित आधारमा त्यहाँबाट प्रदेश तथा स्थानीय तहका निकायहरुमा रहेको रिक्त दरबन्दीका कर्मचारी खटाउने व्यवस्था हुन र सोको जानकारी दिनुहुन भनी अनुरोध भई आएकोले सो अनुसार कर्मचारीहरु खटाउनु पर्ने भएकोले सम्बन्धित कर्मचारीहरुले कार्यरत पदको ज्येष्ठता, स्थायी बसोबास ठेगाना वा नागरिकताको प्रमाण पत्र, पति पत्नी एकै स्थानमा कार्यरत भए सो समेत खुल्नेगरी विवरण उपलब्ध गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।